नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं भाद्र ६ गते ०१२ साल

भाग ६

राज्यव्यवस्था विभागको विज्ञप्ति

पत्रसंख्या छ, ३८।१क।८–२–२३०।१२।१३३७

३८७.

०११–११–२–२ का दिन सरकारबाट भएको निर्णयानुसार निजामती तर्फ सरकारी कर्मचारीहरुको बिचमा टुटेको नोकरी जोड्ने विषयमा तपसीलमा लेखेको बेहोराबाट टुटेकोलाई सम्म बिचमा टुट भएको कटाई अघिको र पछिको नोकरी जोडी ऐन, सवालबमोजिम गर्ने गराउने भएकोले सबैलाई थाहा होस् भन्ना-निमित्त यो विज्ञप्ति प्रकाशित गरिएको छ ।

तपसील

१. कुनै कर्मचारीलाई वात कसुर लागी खोसी खाली भएको र पछि फेरि निज कर्मचारीको वात सच्याउन लगाई नियुक्ति भएको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. कुनै कर्मचारी एकतान्त्रिक शासनकालमा राजनैतिक सजाय पाएर खाली भएको र पछि फेरि नियुक्ति भएको ।

३. कुनै कर्मचारीबाई वात कसूर लामो खोसी खाली भएको र पछि फेरि कसूर नठहरी भर्ना भएको ।

४. कुनै कर्मचारी पजनीमा खोसी खाली भएको र पछि फेरि भर्ना भएको.

५. कुनै कर्मचारी अड्ड खारेजमा परी खाली भै पछि फेरी कहीं भर्ना भएको ।

उपरोक्त ५ दफामा लेखिएदेखि बाहेक अरू बेहोराबाट टुटेको नोकरी जोडिनेछैन.

आज्ञाले:—
माणिकलाल,
का. मु. सेक्रेटरी—राज्यव्यवस्था विभाग.

राज्यव्यवस्था विभागको सूचना

तिमि ०१२-४-३१-२.

सरकारबाट भएको ०१२-४-२१-६ का निर्णयबमोजिम वाणिज्य-विभागका कायम मुकायम सेक्रेटरी श्री उपेन्द्र मल्ल बेतलबी बिदाली बृटिश काउन्सील स्कलर सिपमा अध्ययन गर्न २०१२-४-२५-३ मा जानु भएकोले अर्को निणय नभए सम्म वाणिज्य विभागको काम पनि उद्योगविभागको का. मु. सेक्रेटरी श्रीआनन्द बहादुरले चलाउनु भएको छ.

आज्ञाले:—
माणिकलाल,
का. मु. सेक्रेटरी—राज्यव्यवस्था विभाग.

गोरखापत्र छापाखानामा मुद्रित । सरदार विष्णुध्वज जोशी

आधिकारिकता प्रमाण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।